**“गोकुलगंगा गाउँपालिका कृषि तथा पशुपंक्षी विकास बोर्ड” को स्थापना र व्यवस्थापन गर्न बनेको ऐन,**

# २०७५

## गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपाकिकाको कार्यालय

रस्नालु ३, रामेछाप

प्रदेश नं. ३

**स्थानीय सरकार**

**गोकुलगंगा गाउँपालिका, रामेछाप**

**प्रदेश नं .३**

**<u>“गोकुलगंगा गाउँपालिका कृषि तथा पशुपंक्षी विकास बोर्ड” को स्थापना र व्यवस्थापन गर्न बनेको ऐन</u>**

प्रस्तावनाः- सरकारी, सहकारी, निजी क्षेत्रको तथा सार्वजनिक-निजी सहकारी साझेदारीमा स्थानीय सरकार, प्रदेश सरकारसँग मिली स्थानीय तहको श्रोत साधन परिचालन गरी आर्थिक उन्नती गर्नु पर्ने भएकोले दुध उत्पादन, प्रशोधन, बजारीकरण सम्बन्धी कार्यक्रमहरु विच समाञ्जस्य ल्याई स्थानीय सरकारको जनसहभागिताको आधारमा यस गोकुलगंगा गाउँपालिका भित्र बढी भन्दा बढी उन्नत जातका पशुपालन गराई रोजागर सिर्जना गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा कायम राखी दुग्ध पदार्थमा विविधिकरण गराई निर्यात गरी आर्थिक सम्बृद्धि कायम राख्न नेपालको संविधान, २०७२ को धारा ५७ को उपधारा ४, अनुसूची८- को स्थानीय तहको अधिकारको सूचीबाट अधिकार प्राप्त गरी “गोकुलगंगा गाउँपालिका कृषि तथा पशुपंक्षी विकास बोर्ड ऐन२०७५ ,” को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

१. **संक्षिप्त नाम र प्रारम्भः-**

(क( यस ऐनको नाम “गोकुलगंगा गाउँपालिका कृषि तथा पशुपंक्षी विकास बोर्ड ऐन, २०७५” रहेको छ ।

(ख( यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-**

(क( “बोर्ड” भन्नाले दफा ३ बमोजिम स्थापना भएको पालिका कृषि तथा पशुपंक्षी विकास बोर्ड सम्झनु पर्छ ।

(ख( “समिति” भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग( “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ( “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(ङ( “निर्देशक” भन्नाले दफा १५ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च( “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३.	बोर्डको स्थापनाः-**

(क(	पालिका स्तरमा उन्नत पशुपालन श्रोत केन्द्र स्थापना गरी दुग्ध व्यवसाय सम्बन्धी विकास योजना तर्जुमा गरी सार्वजनिक-निजी सहकारी साझेदारी क्षेत्रको विच दुधालु पशुपालन, दुध उत्पादन तथा प्रशोधन, आपूर्ति तथा बजारीकरण सम्बन्धी कार्यक्रमहरु विच समाञ्जस्य ल्याई समग्र दुग्ध क्षेत्रको विकासलाई सबल तुल्याउन पालिका कृषि तथा पशुपंक्षी विकास बोर्डको स्थापना गरिएको छ ।

(ख(	बोर्डको कार्यालय गोकुलगंगा गाउँपालिकाको कार्यालयमा रहनेछ ।

**४.	बोर्ड संगठित संस्था हुनेः-**

(क(	बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(ख(	बोर्डको काम कारवाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(ग(	बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, बेचविखन गर्ने वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(घ(	बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।

**५.	बोर्डको उद्देश्यः- बोर्डको उद्देश्य देहाय वमोजिम हुनेछ ।**

(क(	गोकुलगंगा गाउँपालिका भित्र उन्नत स्तरका दुधालु पशुपालन, दुध उत्पादन तथा प्रशोधन, आपूर्ति तथा बजारीकरण सम्बन्धी कार्यक्रमहरु विच समाञ्जस्यता ल्याउने गरी दुग्ध व्यवसाय सम्बन्धी निती निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमाको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग पुर्‍याउने ।

(ख(	ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्न उन्नत जातका पशुपालन गराई दुधको उत्पादन तथा उत्पादकत्व बढाउने ।

(ग(	उन्नत जातका पशु विकासका लागि सार्वजनिक-निजी सहकारी, साझेदारीमा पशु विकास फार्म श्रोत केन्द्र स्थापना गर्ने ।

(घ(	आधुनिक दुग्धजन्य पशु विकास फार्म, दुग्ध उद्योगको विकास गर्ने गराउने ।

(ङ(	दुग्ध विकासको लागि पशु विकास र पशु स्वास्थ्य क्षेत्रमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउने ।

(च(	गोकुलगंगा गाउँपालिका भित्रका सम्पूर्ण सरकारी, सहकारी, निजी र सार्वजनिक-निजी साझेदारी क्षेत्रमा पशु फार्म, दुग्ध व्यवसायीहरु विच समाञ्जस्य स्थापना गर्ने गराउने ।

(छ( उन्नत जातका पशुपालन तथा दुग्ध पदार्थको उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउँदै आधुनिक प्रशोधन उद्योगको विस्तार गर्ने ।

(ज( आन्तरिक बजारको सम्भाव्यताको आधारमा दुग्ध पदार्थको विविधिकरण गरी आयात प्रतिस्थापन गर्ने र दुध तथा दुग्ध पदार्थलाई निकासी योग्य वस्तुको रुपमा विकास गरी निर्यात गर्ने गराउने ।

(झ( सन्तुलित आहार, पशु चरणको प्रबन्ध गर्ने, गराउनुको साथै स्थानीय सरकारको सामुदायिक वनमा भएको स्थानीय घाँसलाई मेशीनद्वारा प्रशोधन गरी दानाको रुपमा प्रयोग गरिने हे र साइलेज पिट खडा गरी दानाको विकल्पमा प्रयोग गरिनेछ ।

(ञ( अर्गानिक मल कारखाना, बायो ग्याँस प्लान्ट स्थापना गर्ने गराउने ।

(ट( दुध तथा दुग्ध पदार्थको गुणस्तर सुधार एवं नियमन गरी सर्वसुलव रुपमा उपभोक्तालाई उपलब्ध गर्ने गराउने ।

(ठ( उन्नत पशु विकास तथा दुग्ध विकास सम्बन्धी उच्चस्तरिय अध्ययन तथा अनुसधन गर्ने गराउने ।

(ड( दुग्धजन्य पशुपालन फार्म, दुग्ध उद्योगहरु ठूला, मझौलालाई प्रविधिमा विस्तार गरी साना र घरेलुलाई प्रवद्र्धन गर्ने गराउने ।

**६. बोर्डको काम, कर्तव्य र अधिकारः- बोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

(क( स्थानीय सरकारको सहकार्यमा ग्रामीण क्षेत्रमा उत्पादित दुधलाई शहरी क्षेत्रमा पुऱ्याई गरीवी निवारण गर्ने प्रमुख आधारको रुपमा विकास गरी दुग्धजन्य पशुपालन क्षेत्रलाई सेवा पुऱ्याउन आवश्यक स्थानमा पशु सेवा केन्द्र, उपकेन्द्रहरुको स्थापना गर्ने गराउने ।

(ख( उन्नत नश्लका पशुहरुको उत्पादनमा बृद्धि गरी उपयुक्त पकेटहरुमा नश्ल सुधार, स्थानीय नश्लका पशुहरुको संरक्षण, पशु स्वास्थ्य संरक्षण गर्ने गराउने ।

(ग( उन्नत नश्ल सुधार केन्द्र, प्राङ्गरिक प्रशोधित मल उद्योग, बायो ग्याँस उद्योग, दाना कारखाना, आधुनिक श्रोत केन्द्र, दुग्धजन्य ठूला पशु विकास फार्म, धुलो दुग्ध काराखाना सार्वजनिक-निजी सहकारी साझेदारीमा लगानी गरी स्थापना तथा प्रवद्र्धन गर्ने ।

(घ( दुग्धजन्य पशु विकास फार्म, दुग्ध उद्योगको स्थापना, सुधार, प्रवद्र्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गर्ने गराउने ।

(ङ( दुग्धजन्य पशु विकास फार्म, दुग्ध उद्योगहरु सुचीकृत गरी दर्ता गर्ने गराउने ।

(च( दुग्धजन्य पशुपालन फार्म, दुग्ध उद्योगका लागि आवश्यक स्वदेशी तथा विदेशी सहायता, अनुदान एव ऋणको व्यवस्था गरी परिचालन गर्ने गराउने ।

(छ( दुग्धजन्य पशुपालन, दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ताहरुको हितको लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने ।

(ज( पशुपालन, दुग्ध व्यवसाय सम्बन्धी संचालित कार्यक्रमहरुको अनुगमन, नियमन, मूल्याङ्कन तथा समीक्षा गर्ने गराउने ।

(झ( उत्पादीत कच्चा दुधको खरीद मूल्य र प्रशोधित दुध तथा दुग्धजन्य पदार्थको विक्री मूल्य बोर्डबाट समयानुकुल हेरी खरीद विक्री मूल्य घटाउने, बढाउने ।

(ञ( दुध तथा दुग्ध पदार्थहरुको उपभोग गर्ने बानी बसाल्न स्कूल, कलेज, नेपाली सेना, नेपाल प्रहरी विच अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्ने र छापा तथा विद्युतीय संचार माध्यमबाट उपभोक्ताहरुमा प्रचार प्रसार गर्ने गराउने ।

(ट( उन्नत जातका दुधालु पशुहरु खरीद गर्ने कृषकहरुलाई सरल रुपमा सहुलियत ऋण उपलब्ध गराउन बैंकहरुलाई उत्प्रेरित गर्ने गराउने ।

(ठ( गोकुलगंगा गाउँपालिका अन्तर्गत गरिने कार्यक्रम सरकारी, गैरसरकारी संघ संस्था, निजी क्षेत्र तथा दुग्ध क्षेत्रमा संचालन गरिने सम्पूर्ण कार्यक्रमहरु स्थानीय सरकारसँग समन्वय गरी पालिका कृषि तथा पशुपंक्षी विकास बोर्डसँग आवद्धता जनाएर अभिलेख गराई संचालन गर्नु गराउनु पर्नेछ ।

(ड( गोकुलगंगा गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण दुग्धजन्य पशुपालन सहकारी फार्म, दुग्ध उद्योग, सरकारी संस्थानको रुपमा संचालित निजी दुग्ध उद्योगहरु र दुग्धजन्य पशुपालन फार्महरु, सार्वजनिक-निजीसहकारी साझेदारीमा संचालित दुग्धजन्य फार्म तथा दुग्ध उद्योगहरु प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत संचालित प्रादेशिक दुग्ध विकास बोर्ड ऐन, नियम, विनियम अनुसार निर्देशिषत भई संचालन गरिनेछ ।

(ड( दुग्ध क्षेत्रको विकासका लागि आवश्यक प्राविधिक जनशक्तिको विकास गर्न पशुचिकित्सक अध्ययनको लागि आवश्यकता अनुसार स्वदेश, विदेशमा छात्रवृत्तिको सिफारीस गरिनेछ ।

(ढ( कृषि तथा पशुपंक्षी सम्बन्धी अन्य आवश्यक कार्य गर्ने गराउने ।

७. **कार्यकारी समितिको गठनः-** (१बोर्डको कार्य संचालनको निमित्त देहाय वमोमिको एउटा कार्यकारी ( समिति हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका प्रमुख | -अध्यक्ष |
| (ख) | गाउँपालिका उपप्रमुख | -उपाध्यक्ष |
| (ग) | गाउँपालिका सचिव | -सदस्य |
| (घ) | जिल्ला उद्योग वाणिज्य संघबाट प्रतिनिधि | -सदस्य |
| (ङ) | स्थानीय सहकारीबाट प्रतिनिधि | -सदस्य |
| (च) | डेरी फार्मर संघ नेपालबाट प्रतिनिधि | -सदस्य |
| (छ) | नेपाल डेरी एसोसिएसनबाट प्रतिनिधि | -सदस्य |

| | | |
|---|---|---|
| (ज) | गोकुलगंगा गाउँपालिका भित्र सार्वजनिक-निजी साझेदारीमा संचालित परियोजना अन्तर्गतको वडा अध्यक्ष | -पदेन सदस्य |
| (झ) | सार्वजनिक-निजी साझेदारीमा संचालित दुग्धजन्य पशु पालन फर्मका संचालकहरु मध्येबाट समितिका अध्यक्षले मनोनित १ जना | -सदस्य |
| (ञ) | पेशागत वा विषय विशेषज्ञहरुबाट समितिको अध्यक्षले मनोनित १ जना | -सदस्य |
| (ट) | पालिका कृषि तथा पशुपंक्षी विकास बोर्डको कार्यकारी निर्देशक | -सदस्य सचिव |

(२( स्थानीय सरकारले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३( उपदफा ) को खण्ड (१)झ) र (ञबमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु ( पुनः मनोनीत वा निर्वाचित हुन सक्ने छन् ।

८. **समितिको बैठकः-** (१समितिको बैठक अध्यक्षले तोकेको मिति (, समय र स्थानमा बस्नेछ ।

(२( समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३( समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष तथा उपाध्यक्ष दुबैको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४( समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५( समितिको बैठक सम्बन्धी अन्य कुराहरु समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकारः-** (१यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा ( रही बोर्डले गर्नु पर्ने सम्पूर्ण काम कारवाही गर्नु, अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१०. **उपसमिति गठन गर्न सक्नेः-** (१समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार ( उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२( उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बोर्डको कोषः-** (१बोर्डको एउटा छुट्टै कोष हुनेछ । (

(२( बोर्डको कोषमा देहायका रकमहरु रहनेछन्-:

(क( प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख( स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,

(ग( कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम,

(घ( दुग्ध उद्योग सम्बन्धी अनुसन्धान कार्य वा परामर्श सेवा उपलव्ध गरे गराए बापत प्राप्त हुने रकम,

(ङ( अन्य श्रोतबाट प्राप्त रकम ।

(३( विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट अनुदान, ऋण लिंदा प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४( बोर्डलाई प्राप्त हुने सबै रकम गाउँपालिका भित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५( बोर्डद्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा बमोजिमको कोषबाट व्यहोरिनेछ । (१)

१२. **दुग्ध विकास कोषः-** (१बोर्डले आफ्नो कोषबाट दुग्ध उद्योग (, दुग्धजन्य पशुपालन फार्म, सहकारी फार्म र सार्वजनिक-निजी सहकारी साझेदारी फार्म, दुग्ध उद्योगलाई सुलभ तरिकाबाट ऋण र अनुदान प्रदान गर्नको लागि एउटा छुट्टै दुग्ध विकास कोष स्थापना गर्नेछ ।

(२( दुग्ध विकास कोषको रकम छुट्टै खातामा राख्नु पर्नेछ ।

(३( दुग्ध विकास कोषको संचालन तोकिएको वमोजिम हुनेछ ।

१३. **लेखा र लेखा परीक्षणः-** (१बोर्डको आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको ( तरिका बमोजिम राखिनेछ ।

(२( बोर्डको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ ।

१४. **अधिकार प्रत्यायोजनः-** समितिले यस ऐन वमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै सदस्य वा दफा १० वमोजिमको उपसमिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **निर्देशकः-** (१ बोर्डको प्रशासकीय प्रमुखको रुपमा एकजना (कार्यकारी निर्देशक रहनेछ ।

(२( बोर्डले कार्यकारी निर्देशक पदमा पेशागत वा विषय विशेषज्ञ व्यक्तिलाई नियुक्त गर्न वा निमित्त तोक्न सक्नेछ ।

(३( कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन वा तोकिन सक्नेछ ।

(४( कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार र पारिश्रमिक सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **बोर्डको कर्मचारीः**-(१बोर्डको कार्य सञ्चालनको निम (ि्त बोर्डले आवश्यक कर्मचारीहरु नियम अनुसार नियुक्त गर्नेछ ।

(२( उपदफा बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक (१), सेवाको शर्त तथा सुविधा बोर्डले तोके बमोजिम हुनेछ ।

१७. **सल्लाहकार सम्बन्धी व्यवस्थाः**- (१ बोर्डले आफ्नो कार्य संचालनको निमित्त आवश्यक विषय (विशेषज्ञ वा पेशागतलाई सल्लाहकारको नियुक्ती गर्न सक्नेछ ।

(२( उपदफा वमोजिम नियुक्त सल्लाहकारको पारिश्रमिक सेवाका शर्त तथा सुविधा सम्बन्धी (१) व्यवस्था तोकिए वमोजिम हुनेछ ।

१८. **स्थानीय सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेः**- बोर्डले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र स्थानीय सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१९. **स्थानीय सरकारले निर्देशन दिन सक्नेः**- स्थानीय सरकारले बोर्डलाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

२०. **स्थानीय सरकारसँग सम्पर्कः**- बोर्डले स्थानीय सरकारसँग सम्पर्क राख्दा गोकुलगंगा गाउँपालिका मार्फत राख्नु पर्नेछ ।

२१. **बोर्डको विघटनः**- (१ कुनै मनासिव कारणबाट बोर्डलाई खारेज गर्ने गरी (स्थानीय सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ ।

(२( उपदफा बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व (१)स्थानीय सरकारमा सर्नेछ ।

२२. **विनियम बनाउने अधिकारः**- यो ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले स्थानीय सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

२३. **स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नेः**- यो पालिका कृषि तथा पशुपंक्षी विकास बोर्ड ऐन स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।